# सडक बालबालिकाको लागि सामाजिकीकरण केन्द्र

# कार्यसञ्चालन पुस्तिका

२०७२

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरवार, काठमाडौं

# विषयसूची

## सडक बालबालिकाको लागि सामाजिकीकरण केन्द्र कार्यसञ्चालन सहयोगी पुस्तिका २०७२


| *क.सं.* | *विवरण* | *पेज नं.* |
|---|---|---|
| १ | परिचय | २ |
| २ | सामाजिकीकरण केन्द्रको संरचना | २ |
| ३ | कार्यपद्धति | ५ |
| ४ | बालबालिका भर्ना प्रक्रिया | ७ |
| ५ | सामाजिकीकरण केन्द्रका सेवा, सुविधा तथा क्रियाकलापहरु | ८ |
| ६ | सामाजिकीकरण केन्द्रका सेवा तथा सुविधाहरु | ८ |
| ७ | सामाजिकीकरण केन्द्रका क्रियाकलापहरु | १० |
| ८ | बालबालिकाको स्थानान्तरणको तयारी | १४ |
| ९ | अभिलेखीकरण /दस्तावेजीकरण | १५ |
| | *अनुसुचीहरु* | |
| १ | घटना अध्ययन ढाँचा (Case Study Format) | १६ |
| २ | घटना अध्ययन बैठकहरु | १७ |
| ३ | खानाको कार्यतालिका | १७ |
| ४ | व्यक्तिगत छलफल प्रतिवेदन | १८ |
| ५ | कार्ययोजना फाराम | १९ |
| ६ | परिवारसँगको सम्झौता पत्रको नमूना | २० |
| ७ | मनोसामाजिक परामर्शका लागि प्रेषण फाराम | २१ |
| ८ | सामाजिकीकरण केन्द्रबाट अन्य संस्था वा निकायमा प्रेषण पत्र नमूना | २३ |

# १. परिचय

## १. पृष्ठभूमि

सडक जीवन परित्याग गर्न उत्प्रेरित गर्दै सम्पर्क गृहबाट स्थानान्तरण भई आएका बालबालिकालाई उनीहरुको समुदाय तथा परिवारमा आधारित पूनर्मिलनका लागि तयारी गर्ने मुख्य स्थल सामाजिकीकरण केन्द्र हो । सडकको स्वतन्त्र जीवनबाट आएका बालबालिकालाई पारिवारिक र सामाजिक जीवनमा क्रमिक रुपमा समाहित गराउनु कठीन तर महत्वपूर्ण कार्य हो । सडकमा बसेको अवधि, सडकमा बस्दा अपनाएका क्रियाकलापहरु, उनीहरुको मानसिक तथा सामाजिक व्यवहारहरु आदिको आधारमा बालबालिकालाई ६ देखि १८ महिनासम्म यो केन्द्रमा राख्न सकिनेछ । यस केन्द्रमा बालबालिका आवासीय सुविधा, खाना, स्वास्थ्य उपचार, शिक्षा, मनोविमर्श सेवा सहीत चेतनामुलक रचनात्मक तथा बौद्धिक विकास गर्ने क्रियाकलापहरुमार्फत उनीहरुको क्षमता विकास गर्न सहयोग गनुपर्दछ । बालबालिकालाई दैनिक रुपमा सामाजिकीकरणसँग सम्बन्धित र उनीहरुले गर्न सक्ने गतिविधिहरु जस्तैः व्यक्तिगत तथा केन्द्रको सरसफाई, भान्साको काम, किनमेल गर्ने काम, एकअर्कालाई सहयोग गर्ने जस्ता कुरामा सहभागी गराउनुपर्दछ । एक अर्काको सम्मान गर्ने, पारिवारिक वातावरणमा बस्ने, समुदायसँगको सम्बन्ध विकास गर्ने, आदि जस्ता कुराहरु केन्द्रमा बस्दा बालबालिकाले सिक्दछन् ।

यसरी बालबालिका आचरण, बानी, व्यवहार र मानसिक रुपमा सक्षम भई सकेपछि सामाजिक कार्यकर्ताको सहयोगमा उनीहरुले आफ्नो भविष्यको योजना बनाउँदछन् ।

## २. उद्देश्यहरु

- सडकमा बस्दा अपनाएका बानीव्यहोराहरु पूर्ण रुपमा त्याग्ने वातावरण सिर्जना गर्न सहयोग गर्ने;
- बालबालिकाको क्षमता तथा उमेर अनुसार शैक्षिक अवस्था विकास गरी विद्यालय भर्ना वा सिपशिक्षाको लागि तयारी गर्ने;
- बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक क्षमताको विकास गरी उनीहरुको भविष्यको योजना बनाउन सहयोग गर्ने; र
- बालबालिकालाई परिवार, समुदाय वा वैकल्पिक परिवारमा पूनर्मिलन गराउनका लागि तयारी गर्ने ।

## ३. लक्षित समुह

- सम्पर्क गृहबाट सिफारिस भई आएका सम्पूर्ण पूर्व सडक बालबालिका,
- अन्य संस्था वा निकायबाट सम्पर्क गृहबाट सिफारिस भई आएका पूर्व सडक बालबालिका,
- जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका बालबालिका,
- लागूपदार्थ दुर्व्यशन उपचार केन्द्रबाट सिफारिस भई आएका १८ वर्षमुनिका पूर्व सडक बालबालिका ।

# २. सामाजिकीकरण केन्द्रको संरचना

## १. भौतिक संरचना

एउटा सामाजिकीकरण केन्द्रमा कम्तिमा १० देखि बढीमा ४० जना बालबालिका राख्नु पर्ने हुन्छ तर सामाजिकीकरण केन्द्रको क्षमता, संरचना र श्रोतले भ्याएअनुसार मात्र बालबालिका राख्नुपर्दछ । यो सामाजिकीकरण केन्द्रको मापदण्ड नेपाल सरकारले स्वीकृति प्रदान गरी लागू भएको 'आवासीय **बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड - २०६९'** को आधारमा तयार गरिएको छ । ४० जना बालबालिकालाई सामाजिकीकरण केन्द्रमा आवासीय रुपमा राख्नका लागि देहाय बमोजिमका भौतिक संरचना हुनुपर्दछ ।

**घर तथा कोठाहरुको व्यवस्था**

- सुत्ने कोठा - ७ वटा (एउटै भवनमा बालिका पनि राख्नु पर्ने भए छुट्टै फ्ल्याट हुनु पर्दछ
- सामुहिक कार्य र क्रियाकलापहरुका लागि हल - १ वटा
- बालबालिका पढ्न तथा बिभिन्न क्रियाकलापका लागि कोठा - ३ वटा

- कार्यालयको लागि कोठा -१ वटा
- प्राथमिक उपचारका लागि कोठा -१ वटा
- मनोविमर्शका लागि कोठा -१ वटा
- भान्साकोठा -१ वटा
- शौचालय र स्नानकोठा - ४/४ वटा

**अन्य सुविधाहरु**
- मौसम अनुसार चिसो तातो पानीको व्यवस्था,
- विद्युत, टेलिफोन, खानेपानीको व्यवस्था,
- पर्खालले घेरिएको विपद् प्रतिरोधात्मक घर,
- खेल खेल्नका लागि खेल मैदान वा नजिकै खुला स्थान,
- मौसम अनुसारका आवश्यक लगाउने लुगाका सेट ।

## २. कर्मचारीहरुको संरचना

केन्द्रमा एक जना अधिकृत सहित सामाजिक कार्यकर्ताहरुको समुह/टोली यस केन्द्रमा रहनेछन् । बिभिन्न सहयोगी कर्मचारीहरुसहित प्रत्येक समयमा कम्तिमा २ जना सामाजिक कार्यकर्ताहरु केन्द्रमा हुर्नुपर्नेछ ।

कर्मचारीहरुमा हुनु पर्ने बिशेष सीप तथा योग्यताहरु
- सडक तथा अन्य जोखिम अवस्थामा रहेका बालबालिकासँग कार्य गर्न सक्षम र ईच्छुक;
- बालअधिकार र यसको कार्यान्वयन तथा सामाजिक कार्यका लागि प्रतिबद्ध;
- बालअधिकार, संरक्षण, बालबालिकाको हेरचाहसम्बन्धी तालिम प्राप्त;
- आधारभूत मनोसामाजिक परामर्शसम्बन्धी तालिम लिएको; र
- बालमैत्री वातावरणको श्रृजना गर्न सक्ने ।

**सामाजिकीकरण केन्द्रका कर्मचारी र उनीहरुको मुख्य जिम्मेवारीहरु**

| पद र संख्या | मुख्य जिम्मेवारी |
|---|---|
| केन्द्र अधिकृत -१ | - सामाजिकीकरण केन्द्र व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिने,<br>- केन्द्रको लागि योजना तथा बजेट बनाउने र कार्यान्वयन गर्ने,<br>- कर्मचारीहरुको व्यवस्थापन गर्ने, कार्यतालिका बनाउन सहयोग गर्ने, अनुगमन तथा मुल्यांकन गर्ने,<br>- केन्द्रमा बसेका बालबालिका सुरक्षित वा संरक्षित भएको सुनिश्चितता गर्ने,<br>- सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने ,<br>- केन्द्रको दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक लगायतका प्रतिवेदन तयार पार्ने, |
| सामाजिक कार्यकर्ता -६<br>(एक वा दुई जना सामाजिक कार्यकर्ता सिएमए भएकालाई प्राथमीकता दिने) | - सामाजिकीकरण केन्द्रमा आएका बालबालिकालाई स्वागत गर्ने र उनीहरुको व्यवस्थापन गर्ने,<br>- केन्द्रमा भएका बालबालिकालाई कार्यतालिका अनुसार बिभिन्न क्रियाकलापमा सहभागी गराउने जस्तै : पठनपाठन, खेलकुद, मनोरञ्जन, सरसफाई, आदि,<br>- विरामी बालबालिकाको विशेष स्याहार सुसार गर्ने, औषधी खुवाउने र अस्पताल फलोअपको व्यवस्था गर्ने,<br>- बालबालिकाको घटना अध्ययन (Case Study) लाई अद्यावधिक गर्ने,<br>- बालबालिकाको स्वास्थ्य तथा मनोसामाजिक अवस्था दुरुस्त राख्न उनीहरुलाई सहयोग गर्ने,<br>- बालबालिकासँग केन्द्रको दैनिक, साप्ताहिक, मासिक रुपमा सम्पन्न क्रियाकलापहरुको प्रतिवेदन बनाउने,<br>- मनोसामाजिक परामर्शका लागि मनोविमर्शकर्तासमक्ष बालबालिकालाई प्रेषण गर्ने, |
| मनोविमर्शकर्ता -१<br>(आंशिक समय) | - सामाजिक कार्यकर्ताले प्रेषण गरेका बालबालिकालाई मनोसामाजिक परामर्श प्रदान गर्ने,<br>- बालबालिकालाई समूहमा राखी सामुहिक परामर्श दिने,<br>- व्यक्तिगत परामर्शका लागि आएका वा पठाईएका बालबालिकाको प्रतिवेदन बनाउने,<br>- परामर्शपछि बालबालिकालाई गर्नुपर्ने व्यवहार र विशेष कार्यका लागि सामाजिक कार्यकर्तासँग छलफल गर्ने, |

| | |
|---|---|
| खेल प्रशिक्षक - १<br>(आंशिक समय) | - बालबालिकालाई खेलसम्बन्धी बिषयमा जानकारी गराउनका लागि कम्तिमा हप्तामा तीन पटक मार्शल आर्ट (तेक्वान्दो, कराँते, जुडो, उसु, आदि मध्ये एक) सिकाउने,<br>- खेलका माध्यमबाट बालबालिकालाई अनुशासन, नियम, आदि जस्ता नीतिगत कुराहरु सिकाउने, |
| अतिरिक्त क्रियाकलाप प्रशिक्षक - १<br>(आंशिक समय) | - बालबालिकाको चाहना बमोजिम कम्तिमा हप्तामा तीन पटक अतिरिक्त क्रियाकलाप ( नृत्य, संगित, योग आदी) संचालन गरी उनीहरुमा एकाग्रता र सीपको विकास गर्ने,<br>- मनोविमर्शकर्ताको समन्वयमा बालबालिकालाई नृत्य, संगित, नाट्य थेरापी, आदि गराउने, |
| भान्से - १ | - केन्द्रको खानाको तालिका अनुसार खाजा तथा खाना पकाउने,<br>- बालबालिकालाई मायालु तथा पारिवारिक वातावरणमा सफा तथा ताजा खानेकुरा खुवाउने,<br>- खानेकुराहरु राम्रोसँग केलाई सफा गरेर मात्र पकाउने,<br>- भान्साकोठा तथा केन्द्रको सम्पुर्ण सरसफाई गर्ने,<br>- बालबालिकालाई खाना बनाउन तथा सरसफाई गर्न प्रोत्साहन गर्ने, |
| सुरक्षा गार्ड- २ | - केन्द्रमा आउने र जाने सबै व्यक्तिहरुको अनिवार्य चेकजाँच गर्ने,<br>- बालबालिकाको सुरक्षाका लागि उनीहरुको क्रियाकलापको अवलोकन गर्ने तथा निगरानी गर्ने र केन्द्र अधिकृत वा सामाजिक कार्यकर्तालाई जानकारी गराउने,<br>- आवश्यकता अनुसार केन्द्रको क्रियाकलापमा सहयोग गर्ने |

## कर्मचारीहरुको व्यवस्थापन

**दैनिक छलफल तथा ड्युटी हस्तान्तरणः** प्रत्येक दिन विहान र बेलुका सामाजिक कार्यकर्ताहरुको समुहले अर्को समुहलाई ड्युटी हस्तान्तरण गर्दा कम्तिमा १५ मिनेट छलफल गरी मुख्य मुख्य बिषयमा जानकारी गराउनु पर्दछ । जस्तैः
- ड्युटी अवधिमा भएका क्रियाकलापहरु
- विशेष हेरचाह गर्नुपर्ने बालबालिकाको बारेमा जानकारी,
- गर्नुपर्ने कार्यहरुको योजना,

**कर्मचारी बैठकः** सामाजिकीकरण केन्द्रमा महिनाको कम्तिमा दुईपटक कर्मचारी बैठक आयोजना गर्नुपर्दछ । उक्त बैठकमा कर्मचारीहरुले आफ्ना कुराहरु राख्ने, कार्यक्रमका क्रियाकलापहरु अद्यावधिक गर्ने र आगामी योजना बनाउन सहयोग गर्नुपर्ने लगाएतका विषयमा छलफल गर्नुपर्नेछ । मुख्य गरी निम्न बिषयहरुमा बैठक केन्द्रित हुनुपर्छ
- केन्द्रमा देखिएका कठिनाईहरु ⁄ समस्याहरु,
- केन्द्रमा गर्ने क्रियाकलापहरुको योजना,
- आवश्यक्ता अनुसार बालबालिकाको प्रेषण तथा स्थानान्तरणका लागि सिफारिस लिने दिने ।

**अन्य बैठकः** कुनै खास घटना भएको खण्डमा तुरुन्तै कर्मचारी बैठक आयोजना गनुपर्दछ र सो विषयमा निर्णय गर्नुपर्दछ ।

**कर्मचारीहरुको क्षमता विकासः** बालबालिकासँगको कार्यलाई प्रभावकारी र गुणस्तरिय बनाउनका लागि कार्यरत कर्मचारीहरुलाई क्षमता विकाससम्बन्धी तालिम तथा कार्यशालाहरुको व्यवस्था गर्नुपर्दछ जसका मुख्य बिषयहरुः-
- बालअधिकारसम्बन्धी (बचाउ, संरक्षण, विकास र सहभागिता),
- बालबालिकाको हेरचाह र सुरक्षासम्बन्धी,
- मनोसामाजिक परामर्श,
- सामाजिकीकरण व्यवस्थापन,
- संस्थाको बालसंरक्षण नीति,
- जीवन उपयोगी सीपसम्बन्धी,
- बालबालिकासँग कार्य गर्ने बिधिहरु,
- प्राथमिक स्वास्थ्य उपचार,
- प्राकृतिक प्रकोप व्यवस्थापन, आदि

**आचार संहिता र बालसंरक्षण नीतिको पालनाः** सामाजिकीकरण केन्द्र सञ्चालन गर्ने संस्थाले बनाएको आचार संहिता र बालसंरक्षण नीतिको पूर्ण रुपमा पालन गर्नुपर्दछ ।

**कर्मचारीहरुको कार्यको लेखाजोखा तथा मुल्यांकनः** कार्यरत कर्मचारीहरुको क्षमता विकास तथा उनीहरुको जिम्मेवारीमा प्रभावकारीता ल्याउनका लागि कम्तिमा ६ महिनाको एकपटक लेखाजोखा तथा मुल्यांकन गर्नु पर्दछ ।

# ३. कार्य पद्धति

सामाजिकीकरण केन्द्रका क्रियाकलापहरु प्रभावकारी बनाउनका लागि बिभिन्न कार्यपद्धतिहरु अवलम्बन गर्नुपर्ने हुन्छ । ती निम्न प्रकारका छन् ।

## १. व्यक्तिगत सामाजिक कार्यकर्ता प्रणाली (Referent Social Worker System)

सामाजिकीकरण केन्द्रमा कार्यरत कर्मचारीहरुले बालबालिकासँग व्यक्तिगत कार्य गर्नुपर्दछ । केन्द्रमा भएका बालबालिकाको संख्या र सामाजिक कार्यकर्ताको संख्याको आधारमा व्यक्तिगत कार्यका लागि बालबालिकाको संख्या छुट्याउनु पर्दछ । उदाहरणका लागि ३० जना बालबालिका र ५ जना सामाजिक कार्यकर्ता भएको अवस्थामा ६/६ जना बालबालिका एकजना सामाजिक कार्यकर्ताको जिम्मामा हुनुपर्दछ । सामाजिक कार्यकर्ताले आफ्नो जिम्मामा रहेका बालबालिकाका कुरा सुन्ने, व्यक्तिगत फाईल अध्यावधिक गर्ने, विशेष महत्व दिएर फलोअप/अनुगमन गर्ने, कार्ययोजना बनाउने, परिवार भ्रमणको तयारी गर्ने लगायतका क्रियाकलापहरु गर्नुपर्दछ । सामाजिक कार्यकर्ता तोकिएका बालबालिका बारेमा बिस्तृत जानकार हुनुपर्ने छ ।

## २. व्यक्तिगत छलफल (Individual Discussion)

बालबालिका सामाजिकीकरण केन्द्रमा बसेपछि बिभिन्न योजनाहरु बनाउनु पर्दछ र सो कार्य पुरा गर्न एवं लेखाजोखा गर्न, नियमित रुपमा उनीहरुसँग व्यक्तिगत रुपमा छलफल गनुपर्दछ । आधारभुत परामर्शको तालिम प्राप्त सामाजिक कार्यकर्ताहरुले कम्तिमा हप्ताको एकपटक बालबालिकाको बिचार, भावना, संवेग, योजना, सम्बन्ध, मनमा आएका खेलेका कुराकानीहरुको बारेमा जानकारी राख्नु र बुझ्नुपर्दछ । बालबालिकासँगको व्यक्तिगत छलफलका लागि निम्न तयारी गर्नुपर्छ ।

- सामाजिक कार्यकर्तामा आधारभूत मनोसामाजिक परामर्शको ज्ञान, सीप र क्षमता भएको,
- बालबालिका व्यक्तिगत छलफल गर्नका लागि तयारी भएको,
- व्यक्तिगत छलफलका लागि मिति, समय र छलफलको बिषय पहिले नै तोकिएको हुनुपर्ने,
- व्यक्तिगत छलफलमा भएका कुराहरु लिखित रुपमा राख्ने व्यवस्था (अनुसुची अनुसारको फाराम भर्नुपर्ने )

## ३. व्यक्तिगत अनुगमनः

सामाजिकीकरण केन्द्रमा बसेका बालबालिकाको क्रियाकलापहरु व्यक्तिगत सामाजिक कार्यकर्ताले अनुगमन गर्नु पर्दछ । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उनीहरुका क्रियाकलापहरुको अध्ययन तथा अवलोकन गर्दै उनीहरुको व्यवहार र बानी परिवर्तनका लागि सहयोग गर्नुपर्दछ । व्यक्तिगत अनुगमनमा ध्यान दिनुपर्ने मुख्य कुराहरुः

- बालबालिकाको बिभिन्न क्रियाकलापमा सहभागिताको तह तथा स्तर,
- बालबालिकाको व्यवहार, आचरण र सहभागिता (बालबालिकाको बोल्ने शैली, आदर, सम्मान, सहयोग र सहकार्य) को अवलोकन,
- व्यक्तिगत सामाजिक कार्यकर्ताले अन्य सामाजिक कार्यकर्तासँग पनि जानकारी र सुचनाहरु संकलन गर्ने गर्नु पर्दछ,
- बालबालिकाले आफ्ना साथी तथा अन्य कर्मचारी, विशेषतः भान्से, सुरक्षा गार्ड, सहयोगी लगायतसँग गर्ने गरेको ब्यवहार, कुराकानी आदी ।

## ४. बाल क्लब

बालबालिकाको योजना बनाउँदा, केन्द्रका क्रियाकलापहरु सञ्चालन गर्दा र अन्य सम्पूर्ण कार्यमा उनीहरुको अर्थपूर्ण र सक्रिय सहभागिताको आवश्यकता पर्दछ । उनीहरुले बनाएका योजनाहरु कार्यान्वयन गर्न पनि सजिलो हुन्छ । बालबालिकालाई केन्द्रका सम्पूर्ण क्रियाकलापहरुमा सहभागी गराउन लागि बालक्लब सबभन्दा उपयुक्त पद्दति हुन्छ । केन्द्रमा गरिने अतिरिक्त कृयाकलापहरुको नेतृत्व स्वयं बालबालिकाको छलफलका आधारमा बालबालिकालेनै गर्ने बातावरण सृजना गर्न केन्द्रका कर्मचारीहरुले सहजिकरण गर्नुपर्दछ ।

## ५. घटना व्यवस्थापनः

सामाजिक कार्यकर्ताको नियमित अनुगमनमा रहेका बालबालिकाको क्रियाकलाप, व्यवहार, योजना, प्रगति, समस्या आदिका बिषयमा सूचना र जानकारीहरु संकलन गर्नुपर्दछ । उनीहरुको घटना व्यवस्थापन गर्नका लागि निम्न

प्रकारका घटना व्यवस्थापनका बैठकहरुको आयोजना गर्नुपर्दछ । यस क्रममा बालबालिकाको गोपिनीयतालाई प्राथमिकता दिनुपर्दछ ।

**क. घटनासम्बन्धी जानकारी आदान प्रदान (Case Sharing)** :

प्रत्येक बालबालिकाको घटना सम्बन्धी कुरामा केन्द्रका सामाजिक कार्यकर्ताहरुबिच छलफल गर्नु पर्दछ । बालबालिकासँग कार्य गर्दा कार्यरत सामाजिक कार्यकर्ताहरुले बिभिन्न जानकारीहरु प्राप्त गरेका हुन्छन् र ति जानकारीहरु सम्बन्धित सामाजिक कार्यकर्ताहरुलाई प्रदान गर्नका लागि यो बैठकको आयोजना गरिन्छ ।

**ख. घटना सम्मेलन (Case Conference)**

सामाजिक कार्यकर्ताले बालबालिकासँग कार्य गर्ने क्रममा कुनै कठिनाई वा समस्याको महशुस भएको खण्डमा केन्द्रका सामाजिक कार्यकर्ताहरु, मनोविमर्शकर्ता लगायतका व्यक्तिहरु समक्ष अप्ठ्यारो परेका विषयहरुमा छलफल गर्नका लागि घटना सम्मेलनको आयोजना गनुपर्दछ । यसको प्रमुख उद्देश्य समुहबाट समस्याको समाधान निकाल्नु हो । यसरी समस्याको बारेमा छलफल गरेपछि सो समूहबाट घटनाको विश्लेषण तथा समस्याको समाधानको उपायको खोजी गरी कार्यान्वयन गर्नुपर्दछ ।

**ग. घटना लेखाजोखा (Case Assesment)**:

बालबालिका सामाजिकीकरण केन्द्रमा बसेको ६ महिना पछि वा परिवार, समुदाय र व्यवशायीक तालिम लगाएतका स्थानमा प्रेषण गर्नु अघि वा आवश्यक्ता अनुसार घटना लेखाजोखा बैठक बस्नुपर्दछ । यस बैठकमा बालबालिका र उनीहरुको परिवारमा सो अवधिमा भएका प्रगतिको समिक्षा तथा लेखाजोखा गरिनेछ ।

**घ. घटनाको प्रेषण (Case Referral)**: बालबालिकाको अवस्था, आवश्यकता तथा चाहना अनुसार उनीहरुको व्यक्तिगत योजना बनाउनु पर्दछ । आवश्यक प्रक्रियापुरा भएपछि बालबालिकालाई पुनर्मिलन, पुनएकिकरण र पुर्नस्थापना भन्दा पहिले सामाजिकीकरण केन्द्रले घटना प्रेषण गर्नका लागि बैठकको आयोजना गर्नुपर्दछ । यसका लागि आवश्यक प्रकृयाहरु देहाय बमोजिम हुनेछन्

- बालबालिकाको घटना अध्ययन (Case Study) को फाईल परिवारसँग काम गर्ने समूहलाई पठाउने,
- प्रेषण बैठकको मिति तोक्ने र सम्बन्धित पक्षको बैठक बस्ने,
- सामाजिक कार्यकर्ताले बालबालिकाको परिवारमा गर्ने भ्रमणको मिति सम्बन्धमा छलफल गर्ने,

**ङ. घटना स्थानान्तरण (Case Transfer)**

बालबालिका उनीहरुको परिवार, वैकल्पिक परिवार, व्यवसायिक तालिमका लागि तथा अन्य कुनै प्रयोजनका लागि स्थानान्तरण हुने समयमा घटना स्थान्तरण बैठक बसी स्थानान्तरणको विधि प्रकृया र जिम्मेबारीहरु तय गर्नुपर्दछ ।

## ६. समन्वय र सहकार्यः

सामाजिकीकरण केन्द्रमा रहेका बालबालिकालाई गुणस्तरिय सेवा, सुविधा प्रदान गर्न र स्थानान्तरणका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गनुपर्दछ । मुख्य गरी निम्न निकायहरुसँग सहकार्य गर्नुपर्दछ ।

**विद्यालयः** सामाजिकीकरण केन्द्रमा रहेका बालबालिकालाई नजिकको सरकारी विद्यालयसँग समन्वय गरी उनीहरुको क्षमताको आधारमा भर्ना गर्नुपर्दछ । यसरी विद्यालमा भर्ना गरेपछि उनीहरु परीक्षामा समेत सहभागी हुन्छन र अन्य विद्यालयमा अध्ययन गर्न जाँदा पनि शैक्षिक प्रमाणपत्र उपलब्ध हुन्छ ।

**नगरपालिका/गा.वि.स.:** सामाजिकीकरण केन्द्र र यहाँ रहेका बालबालिकाको व्यक्तिगत विवरण नगरपालिका/गा.वि.स.मा प्रत्येक ३/३ महिनामा बुझाउनु पर्दछ ।

**स्वास्थ्य केन्द्र/अस्पतालः** बालबालिकाको स्वास्थ्य उपचारका लागि स्वास्थ्य केन्द्र/अस्पतालहरुसँग समन्वय र सहकार्य गर्नुपर्दछ ।

**प्रहरीसँगको सहकार्यः** बालबालिका तथा केन्द्रको सुरक्षाका निम्ति नजिकको प्रहरी चौकीसँग समन्वय र सहकार्य गर्नुपर्दछ । केन्द्रमा भएका सबै बालबालिकाको व्यक्तिगत विवरण बनाई जानकारीका लागि प्रहरी कार्यालयमा बुझाउनु पर्दछ ।

**केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिः** बालबालिकाको सफल व्यवस्थापन र उनीहरुसँगको प्रभावकारी कार्यका लागि केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिसंग सहकार्य र समन्वय गनुपर्दछ ।

**अन्य गैरसरकारी संस्थाहरुः** आवश्यकता अनुसार सेवा प्रदायक अन्य गैरसरकारी संस्थाहरुसंग समन्वयमा कार्य गर्नुपर्दछ ।

## ४. बालबालिका भर्ना प्रक्रिया

सामाजिकीकरण केन्द्रमा सडकबाट आएका बालबालिका बस्ने भएकोले भर्ना गर्ने प्रक्रियालाई प्रभावकारी बनाउनु पर्दछ । सम्पर्क गृह तथा अन्य कुनै संस्थाबाट सामाजिकीकरण लागि प्रेषण गर्ने बालबालिकाको सम्बन्धमा देहाय बमोजिमका चरण तथा प्रक्रियाहरु अपनाउनु पर्दछ ।

| चरण | कार्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|
| १ | सामाजिकीकरण केन्द्रलाई स्थानान्तरण गर्ने बालबालिकाको घटना अध्ययन पठाउने | सम्पर्क गृह वा प्रेषण गर्ने संस्था | |
| २ | सम्पर्क गृह वा प्रेषण गर्ने संस्थासँग समन्वय गरी स्थानान्तरण बैठकको मिति तोक्ने | सामाजिकीकरण केन्द्र | सम्पर्क गृह र सामाजिकीकरण केन्द्रका अधिकृतहरुको समन्वयमा |
| ३ | सम्पर्क गृह र सामाजिकीकरण केन्द्रका कर्मचारीहरुबिच स्थानान्तरण बैठक बस्ने | बालबालिकाको व्यक्तिगत सामाजिक कार्यकर्ता सहित सम्पर्क गृह र सामाजिकीकरण केन्द्रका कर्मचारीहरु | मनोसामाजिक परामर्शकर्ता समेत |
| ४ | बालबालिकालाई सामाजिकीकरण केन्द्रमा प्रेषण गर्नका लागि बैठक | प्रेषण गर्ने बालबालिका, व्यक्तिगत सामाजिक कार्यकर्ता र सामाजिकीकरण केन्द्रको सम्भावित व्यक्तिगत सामाजिक कार्यकर्ता | |
| ५ | बालबालिकालको स्थानान्तरण | सम्पर्क गृह र सामाजिकीकरण केन्द्र | |

**बालबालिकालाई सामाजिकीकरण केन्द्रमा भर्ना गर्नका लागि चाहिने आवश्यक मापदण्डः**

- सम्पर्क गृहमा कम्तिमा एक महिनासम्म नियमित रुपमा बसेको, तर बालबालिकाको अवस्था हेरी समय घटाउन सकिने;
- केन्द्रका क्रियाकलापहरुमा सहभागी भएको जस्तै अनौपचारिक कक्षामा बसेको, चेतनामुलक र श्रृजनात्मक क्रियाकलापमा सहभागी भएको, आवश्यकता अनुसार भान्साको काममा सहभागी भएको;
- सडकको बानी र व्यवहारमा कमी आउनु जस्तैः धुम्रपानमा कमी, लागुपदार्थ दुर्व्यसनीमा कमी, खराब शब्दहरुको प्रयोगमा कमी;
- बालबालिकाको व्यक्तिगत सरसफाइमा ध्यान दिने राम्रो बानीको विकास भएको;
- बालबालिका सम्बन्धित सामाजिक कार्यकर्तासँगको नियमित व्यक्तिगत छलफलमा सहभागी भएको र कम्तीमा ५ ( पाँच) वटा व्यक्तिगत छलफलहरुमा सहभागी भएको;
- बालक्लब तथा अन्य बालसहभागिताका क्रियाकलापमा सहभागी भएको;
- बालबालिकाको शरीरको पुर्ण चिकित्सकीय जाँच वा परीक्षण गरेको; र
- बालबालिकाको परिवार तथा नातेदारहरुसंग छलफल र भेटघाट भएको, परिवार वा नातेदार नभएमा बालबालिकाको सम्पर्कमा आएका व्यक्तिसंगको भेटघाट ।

**सामाजिकीकरण केन्द्रमा बालबालिकाको स्वागतः** सम्पर्क गृह तथा अन्य कुनै संस्थाबाट प्रेषण भई आएका बालबालिकालाई औपचारिक रुपमा स्वागत गर्नुपर्दछ । जसका लागिः
- केन्द्रमा भएका सबै बालबालिका र कर्मचारीको छोटो बैठक आयोजना गर्ने;
- नयाँ बालबालिकालाई सबै बालबालिकाबीच परिचय गर्ने गराउने; र
- सबै बालबालिकाको बैठकमा नयाँ बालबालिकाको बिचार, योजना तथा सामाजिकीकरण केन्द्रका पालना गर्नुपर्ने नियम तथा अनुशासनमा प्रतिबद्धता केन्द्रमा भईरहेका बालबालिका मार्फत गराउने ।

# ५. सामाजिकीकरण केन्द्रका सेवा, सुविधा तथा क्रियाकलापहरु

बालबालिकालाई सामाजिकीकरण केन्द्रमा राखिसकेपछि उनीहरुको विकासका लागि बिभिन्न प्रकारका सेवा सुविधाहरु प्रदान गर्ने तथा मानसिक, शारीरिक, बौद्धिक विकासका लागि बिभिन्न प्रकारका चेतनामूलक र रचनात्मक क्रियाकलापहरुको आयोजना गर्नुपर्दछ । कतिपय समयमा बालबालिकाको उमेर, क्षमता, बुझाइ, अवस्था आदि अनुसार क्रियाकलापहरुको तर्जुमा गनुपर्दछ । जुन निम्न बमोजिम छन् ,

## सामाजिकीकरण केन्द्रका सेवा तथा सुविधाहरु

### १. खानाको व्यवस्थाः

सामाजिकीकरण केन्द्रमा तालिका अनुसार बालबालिकालाई सफा, स्वादिष्ट र पोषणयुक्त खाना खुवाउने व्यवस्था गर्नुपर्दछ । खानाको तालिका बालबालिकाको सहभागितामा बनाउनु पर्दछ र भान्साको नजिक वा भान्सामा सबैले देख्ने स्थानमा टाँस्नु पर्दछ । सामाजिक कार्यकर्ता र भान्सेसंग बालबालिकालाई पनि संलग्न गराई बिस्तारै खाना बनाउने कार्यमा जिम्मेवार बनाउन सहयोग गनुपर्दछ । भान्साकोठामा खाना तथा खाजा व्यवस्थापनका लागि निम्न कुराहरुको व्यवस्था गरिएको हुनु पर्दछ ।

- बालबालिकाको सहभागितामा खानाको तालिका बनाई देखिने स्थानमा राख्नु पर्ने र समयसमयमा खाना तालिका परिवर्तन गर्नुपर्ने;
- मौसम अनुसारको तरकारी र फलफूलको व्यवस्था गर्नुपर्ने;
- खाना ताजा, सफा र स्वस्थकर हुनुपर्ने;
- हप्तामा कम्तिमा दुई पटक मासु, अण्डा, आदिको व्यवस्था गर्नुपर्ने;
- भान्से तथा सामाजिक कार्यकर्ताले सबै बालबालिकाले खाना तथा खाजा खाए नखाएको हेरविचार गर्नुपर्ने; र
- पिउने पानीको समूचित व्यवस्था ।

### २. आवासको व्यवस्थाः

प्रत्येक बालबालिकालाई छुट्टाछुट्टै ओछ्यानको व्यवस्था गरी सुरक्षित प्रकारले केन्द्रमा राख्नु पर्ने हुन्छ । आवासका लागि ध्यान दिनु पर्ने र व्यवस्था गर्नु पर्ने कुराहरु निम्न बमोजिम छन्:-

- सम्भव भएसम्म बालक र बालिकाको लागि छुट्टाछुट्टै घरको व्यवस्था;
- छुट्टाछुट्टै घरको व्यवस्था नभएको अवस्थामा छुट्टै तला/फ्ल्याटको व्यवस्था;
- समान उमेरका बालक वा बालिकालाई एउटै कोठामा राख्ने व्यवस्था;
- प्रत्येक तला/फ्ल्याटमा शौचालयको व्यवस्था; र
- व्यक्तिगत सरसामान राख्न बालबालिकाका लागि छुट्टाछुट्टै लकरको व्यवस्था ।

### ३. व्यक्तिगत सरसफाईः

सामाजिकीकरण केन्द्रमा बसेका बालबालिकालाई उनीहरुको सक्रिय सहभागितामा व्यक्तिगत स्वास्थ्यसम्बन्धी बिषयमा बिभिन्न माध्यमहरुबाट धेरै जानकारी प्रदान गर्नुपर्दछ । बालबालिकाको स्वास्थ्य तथा व्यक्तिगत सरसफाईको अवस्थालाई ध्यान दिँदै निम्न बमोजिम सेवा तथा सुविधाहरु प्रदान गर्नुपर्दछः-

- बिहान उठेपश्चात आफ्नो ओछ्यान मिलाउने र कोठा सफा गर्ने;
- व्यक्तिगत सरसफाई ब्रस गर्ने, हातमुख धुने;
- सुत्ने कोठा, वाथरुम, शौचालय सफाई, बरण्डा र तलाको सफाई गर्ने;
- बिहान र बेलुका गरी दिनको दुईपटक दाँत माझ्ने;
- अनिवार्य रुपमा कम्तिमा हप्ताको दुईपटक नुहाउने;
- खाटको तन्ना, सिरानी खोल र अन्य कपडा आवश्यकता अनुसार धुने, धुन दिने वा घाममा सुकाउने; र
- कपाल काट्ने, नङ काट्ने लगाएतका कार्यहरुमा ध्यान दिने ।

### ४. स्वास्थ्य परीक्षण तथा उपचारः

सडक तथा अन्य जोखिम परिस्थितिबाट बालबालिका सामाजिकीकरण केन्द्रमा आउने भएकोले उनीहरुको स्वास्थ्यमा बिशेष ख्याल गर्नु पर्दछ । बालबालिकाको स्वास्थ्यको अवस्थालाई राम्रो बनाउनका लागि खानपान, खेलकुद, रचनात्मक क्रियाकलापहरुको आयोजना नियमित रुपमा गर्नुपर्दछ । स्वास्थ्य अवस्था चुस्त र दुरुस्त राख्नका लागि मुख्यतः निम्न उपायहरु अबलम्बन गर्नुपर्दछः-

- बालबालिकाका स्वास्थ्य परीक्षण तथा उपचारका फाईलहरु उनिहरुको व्यक्तिगत फाईलमा राख्ने;
- सम्पर्क गृहबाट आएका बालबालिकाको स्वास्थ्य परीक्षण को फाईल अध्ययन गर्ने र सिफारिस बमोजिमको औषधी तथा अन्य कार्य गर्ने;
- केन्द्रमा रहेका सम्पुर्ण बालबालिकाको स्वास्थ्य परीक्षण नियमित रुपमा तथा आवश्यक देखिएको अवस्थामा गर्ने;
- बिभिन्न रोगका लक्षणहरु देखिनासाथ अस्पतालमा लगि उपचारको व्यवस्था गर्ने;
- बिभिन्न खोपहरुको व्यवस्था गर्ने जस्तै : हेपाटाइटिस बी, हाडे, दादुरा, टाइफाइट, धनुष्टंकार, आदि;; र
- केन्द्रमा प्राथमिक उपचारको व्यवस्था गर्ने ।

## ५. मनोसामाजिक परामर्शः

सडकमा रहँदा बालबालिका बिभिन्न प्रकारका समस्याहरु (झगडा, पारिवारिक विछोड, कुलतहरु, मनोबिचलन, आदि) मा परेका हुन्छन् र त्यस्ता समस्याहरुलाई प्रभावकारी र दिगो रुपमा समाधान गर्नका लागि मनोसामाजिक परामर्शको आवश्यकता पर्दछ । यसका लागि सामाजिकीकरण केन्द्रमा २ प्रकारका मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्दछ ।

**समूह परामर्शः** कम्तिमा हप्ताको दुईपटक मनोसामाजिक परामर्शकर्ताले बालबालिकालाई मनोविज्ञान सम्बन्धी बिषयहरु (भावना, विचार, मन, सम्बन्ध, तनाव, रिस, खुशी, निराश, दुख, सपना, उदासीपन, हिंसा, उदासपन, झगडा आदि) मा शिक्षा दिनु पर्दछ । यस्ता परामर्शका लागि बालबालिकासँग छलफल गरेर बिषयको छनौट गर्न सकिन्छ ।

**व्यक्तिगत परामर्शः** समुह परामर्श र बालबालिकाको क्रियाकलापहरुबाट उनीहरुमा पर्न सक्ने मनोसामाजिक असरलाई सकारात्मक रुपमा अगाडि बढाउनका लागि सामाजिक कार्यकर्ताहरुले व्यक्तिगत छलफल गनुपर्दछ । यसरी छलफल गर्दा बालबालिकामा मनोसामाजिक समस्या देखिएमा सामाजिक कार्यकर्ताले सो घटना केन्द्रको मनोसामाजिक कार्यकर्तालाई प्रेषण गनुपर्दछ । मनोसामाजिक कार्यकर्ताले परामर्शका बिभिन्न उपायहरुबाट बालबालिकालाई परामर्श प्रदान गनुपर्दछ । परामर्श उपलब्ध गराउनका लागि मुख्य तहहरु निम्न बमोजिम हुन सक्छन्:-

- प्रेषणका लागि सामाजिक कार्यकर्ताले निर्धारित फाराम भर्ने र मनोसामाजिक परामर्शकर्तालाई दिने;
- प्रेषण फाराममा भएका कुराहरु र अन्य पहिचान गरिएका बिषयमा परामर्शकर्ताले परामर्श गर्ने; र
- परामर्शमार्फत पहिचान भएका बिषयहरु र बालबालिकाको लागि गनुपर्ने कार्यमा परामर्शकर्ताले सामाजिक कार्यकर्ताहरुसँग छलफल गर्ने तथा सिफारिस समेत गर्ने ।

## ६. शिक्षाको व्यवस्था

केन्द्रमा भएका बालबालिकालाई उनीहरुको क्षमता, उमेर, योजना अनुसार शिक्षा/पठनपाठनको व्यवस्था गर्नुपर्दछ । अध्ययन नियमित गर्न चाहने, व्यवसायिक तालिम लिने वा काम गर्न चाहने जो सुकै बालबालिकाका लागि शिक्षा महत्वपूर्ण छ र सामाजिकीकरण केन्द्रमा बसेका सबै बालबालिकाले आफ्नो योजना अनुसार अध्ययन गनुपर्दछ जुनकुराले उनीहरुको भविष्यमा सहयोग गर्दछ । तर सामाजिकीकरण केन्द्रमा भएका बालबालिकालाई विद्यालयको जस्तो कडा र पढाईमा नै धेरै केन्द्रित नगरी बिस्तारै बिस्तारै बानी बसाउनुपर्दछ । जसका लागि निम्न उपायहरु अवलम्बन गर्न सकिन्छ,

- सामाजिकीकरण केन्द्रमा नै कक्षाकोठा, डेस्क, बेञ्च, कालो/सेतोपाटी, आदि सहितको अध्ययनको व्यवस्था गर्ने;
- अध्ययनका लागि बालबालिकाको सहभागितामा बिषयसहितको तालिका बनाउने;
- बालबालिकाको शैक्षिक क्षमता अनुसार एक, दुई, तीन वा चार समुहमा वर्गीकरण गर्ने;
- तहअनुसारको किताब, कापी लगायतका सामग्रीहरुको व्यवस्थागर्ने;
- बालबालिकालाई अध्यापन गराउँदा बालमैत्री वातावरणमा बिभिन्न सामग्रीहरुको प्रयोग गरी गराउँनुपर्दछ, जस्तै तस्वीर छलफल, शब्दहरु चार्टहरु, शैक्षिक शब्दजाल, अन्य विविध प्रकारका शैक्षिक चार्टहरु, आदि; र
- नजिकको सरकारी विद्यालयसँग समन्वय गरी भर्ना तथा परीक्षाको व्यवस्था गर्ने । यसका लागि बालबालिका संस्थाको सामाजिकीकरण केन्द्रमा नै अध्ययन गर्दछन् र परीक्षाका लागि मात्र विद्यालय जान्छन् । (यसको मुल उद्देश्य उनीहरुको पढाईको स्तरोन्नती गर्ने, परीक्षा प्रणाली र विद्यालयको व्यवस्थाका बारेमा जानकारी दिने तथा विद्यालयमा पुनः प्रवेशका लागि प्रमाणपत्रको व्यवस्था गर्नु हो साथै बालबालिकाको अवस्था हेरी कतिपय बालबालिका स्तर अनुसारको कक्षामा नजिकका विद्यालयमा नै जान सक्नेछन । )

व्यवसायिक तालिम लिने योजना भएका बालबालिकालाई बिभिन्न तालिमसम्बन्धी बिषयमा शिक्षा दिनुपर्दछ । जस्तै :

**अभिमुखिकरण कक्षाहरु**

यस क्रियाकलापमा १४ वर्षभन्दा माथिका बालबालिकालाई लक्षित गरी बिभिन्न विषयमा व्यवसायिक तालिमको बारेमा सामाजिक कार्यकर्ताबाट अभिमुखिकरण कक्षा सञ्चालन गर्नु पर्दछ । समय समयमा तालिमका विषयसँग

जानकार व्यक्तिहरुलाई पनि अभिमुखीकरणका लागि बोलाउन सकिन्छ । यस्तो कक्षाहरुका केही बिषयहरु उदाहरणका रुपमा निम्न खालका हुन सक्दछन्:

- तालिमको जानकारी, महत्व, सिप सिक्दाका फाईदाहरु, त्यसको बजार, आदि;
- तालिमका बिषयहरुको जानकारी जस्तै : मोटरसाईकल मर्मत, मेकानिकल, कुक, वेटर, फर्निचर, विजुली, पाईपको काम, सवारी चालक, सिलाई, आदि

## ७ अवलोकन भ्रमण

तालिमको बिषयमा जानकारी प्रदान गरेपछि बालबालिकाले तालिम लिन लागेको बिषयमा अझ बढी थाहा पाउनका लागि तालिम केन्द्रमा अवलोकन भ्रमण गराउनु पर्दछ । सामाजिकीकरण केन्द्रबाट नै सीप तालिममा सहभागि हुन जाने आउने गर्न सक्छन् वा उपयुक्त संस्था वा निकायमा आवासीय सुबिधा भए स्थान्तरण गर्न पनि सकिनेछ ।

## सामाजिकीकरण केन्द्रका क्रियाकलापहरुः

## १. चेतनामूलक क्रियाकलाप

सामाजिकीकरण केन्द्रमा बसेका बालबालिकालाई चेतनशील बनाउनका लागि सोसँग सम्बन्धित क्रियाकलापहरुको आयोजना सहभागितात्मक रुपमा गर्नुपर्दछ । चेतना अभिबृद्धि गर्ने खालका क्रियाकलापहरु निम्न हुन सक्छन्:-

- बालअधिकार (बचाऊ, संरक्षण, विकास र सहभागिता)
- बालदूर्व्यवहारबाट जोगिने उपायहरु (बालयौन दूर्व्यवहार र शोषण, शारीरिक र मानसिक दूर्व्यवहार, आदि)
- सकारात्मक सोचाई र व्यवहार
- व्यक्तिगत सरसफाई
- भविष्यको योजना
- परिवार र यसको आवश्यकता
- पारिवारिक सम्बन्ध
- लागुपदार्थ (डेण्ड्राईट, गाँजा, चरेस आदि) का बिषयमा छलफल
- जीवन उपयोगी सीपहरु

**नोटः** यस्ता क्रियाकलापहरुको छुट्टै कार्ययोजना बनाएर व्यक्तिगत तथा सामुहिक रुपमा सकारात्मक सन्देश दिने रुपमा गर्न सकिन्छ । यस्ता क्रियाकलापहरु सञ्चालन गर्न बालबालिका स्वयंलाई दौंतरी सहजकर्ता (Peer Educater) रुपमा प्रयोग गर्न पनि सकिन्छ ।

## २. रचनात्मक क्रियाकलाप

श्रृजनात्मक क्रियाकलापहरुको माध्यमबाट बालबालिकाको भावनात्मक/मानसिक, बौद्धिक क्षमताको विकासमा सुधार ल्याउन सकिने हुन्छ । यस्ता क्रियाकलापहरु निम्न हुनसक्छन्:-

**चित्रकलाः** हरेक दिन केन्द्रमा बालबालिकाका लागि सामाजिक कार्यकर्ताहरुले चित्रकला गतिविधि सञ्चालन गर्दछन् । यस्ता क्रियाकलापमा बालबालिकाको राम्रो सहभागिता हुन्छ र उनीहरुले राम्रो चित्र बनाउँछन् । यस्ता गतिविधिबाट सामाजिक कार्यकर्ताले बालबालिकाको विगतको जीवनका केही अर्थपूर्ण तथ्यहरु पत्ता लगाई उनीहरुको भविष्य योजनाका लागि कार्य गर्न सक्छन् । तोकिएका सामाजिक कार्यकर्ताले यस्को उचित अवलोकन, विश्लेषण गर्नुपर्नेछ ।

**रङ्ग भर्नेः** बालबालिकालाई तयारी चित्रमा रंगभर्ने कार्य लगाउन पनि सकिन्छ । यसमा उनीहरुलाई मनपर्ने चित्रहरु भयो भने अझ प्रभावकारी हुन्छ । यस्ता क्रियाकलापले उनीहरुलाई एकाग्रता र सक्रिय गराउन सहयोग गर्दछ ।

**नृत्यः** हरेक दिन करारमा नियुक्त भएका प्रशिक्षकहरुले बालबालिकालाई नृत्य कक्षा सञ्चालन गराउँछन् । नृत्य कक्षामा सबै बालबालिकालाई सहभागी हुन प्रोत्साहन गर्नुपर्दछ । यसले बालबालिकालाई स्थिर र बढी रचनात्मक हुन सहयोग गर्दछ ।

**गीत गाउनेः** बालबालिकाको क्षमता र चाहना अनुसार उनीहरुलाई गित गाउने कार्यमा पनि संलग्न गराउन सकिन्छ किनभने पहिला सडकमा बसेका बालबालिका गित गाउन सिपालु हुन्छन् । उनीहरुले गाएको गितलाई रेकर्ड गरेर अरु साथीहरुको बिचमा सुनाउने कार्य समेत गर्न सकिन्छ ।

**कथा लेख्ने तथा कथा भन्ने:** बालबालिकालाई श्रृजनात्मक बनाउन र वाककलामा निपुण गराउनका लागि सहभागितात्मक रुपमा कथा भन्ने तथा लेख्ने क्रियाकलाप पनि गराउन सकिन्छ ।

**मनोरञ्जनात्मक क्रियाकलाप:** बालबालिकालाई उनीहरुको क्षमता वृद्धि हुने किसिमका चलचित्र, टि.भी. कार्यक्रम पनि अति आवश्यक हुने र त्यस्ता गतिविधिहरुले उनीहरुलाई मनोरञ्जन पनि दिने हुनाले त्यस्ता गतिविधि दैनिक रुपमा सञ्चालन गर्नुपर्ने हुन्छ । तर त्यस्ता गतिविधिमा उनीहरुको ईच्छा अनुसार सहभागी गराउनु पर्दछ र कुनै पनि गतिविधिका लागि जबरजस्ती गर्नु हुदैन, बरु विकल्प दिनु राम्रो हुन्छ । सामाजिकीकरण केन्द्रमा भएका मुख्य क्रियाकलापहरुको भिडियो बनाई बालबालिकाबीच प्रस्तुत गर्दा उनीहरु प्रोत्साहित हुन्छन् ।
(नोटः यसका साथै बालबालिकालाई मनपर्ने क्रियाकलापका माध्यमबाट अनुशासित बनाउने, एकाग्रता बढाउने, सक्रिय बनाउने, मित्रता बढाउने खालका बिभिन्न क्रियाकलापहरुको आयोजना गर्न सकिन्छ । )

## ३. खेलकुद

बालबालिकालाई खेलकुदको माध्यमबाट क्रमिक रुपमा सुधार गर्न मद्दत पुग्ने भएकोले उनीहरुलाई बिभिन्न प्रकारका आन्तरिक र बाह्य खेलकुदमा सहभागी गराउनु पर्दछ । जसका कारणले उनीहरुको विकास र सामाजिकीकरणमा सहयोग पुग्दछ ।

### केन्द्रभित्र खेलिने खेलहरु

केन्द्रमा बालबालिकालाई व्यस्त बनाउन, अनुशासन, नीति नियम सिकाउनका लागि कोठाभित्र खेलिने खेलहरुको व्यवस्था गरिनु पर्दछ । जस्तै:

- शब्दजालहरु (कखगघ, एबिसिडी, जनावरहरु, चराचुरुङ्गीहरु, आदि)
- क्यारमबोर्ड
- चेस, लुडो, नागपास, उनो (UNO)
- चलनचल्तीका परम्परागत खेलहरु (रुमाल लुकाई, बाघचाल, आदि)

### केन्द्र बाहिर खेलिने खेलहरु

- फुटबल, भलिबल, बास्केटबल
- मार्शल आर्ट (तेक्वान्दो, कराते, जुडो )
- क्रिकेट
- टेबल टेनिस आदि ।

## ४. बालक्लब

केन्द्रमा रहेका बालबालिकाको अर्थपूर्णसहभागितालाई प्रवर्द्धन गर्नका लागि एक वा आवश्यकता अनुसारको बाल क्लवको गठन गनुपर्दछ । बालबालिकाको केन्द्रमा बसाईको अवधि र सदस्यहरुको उपलब्धतालाई हेरेर बाल क्लबको पुनर्गठन गर्नु पर्दछ । बाल क्लबको केन्द्रमा साप्ताहिक रुपमा गरिन्छ र उक्त बैठकमा बालबालिकाहरुको मात्र सहभागिता रहन्छ र प्रत्येक हप्ता भएका क्रियाकलापहरुको लेखाजोखा/मूल्याङ्कन गरी आगामी हप्ताको लागि योजना तर्जुमा गर्ने गरिन्छ । बालक्लबको उद्देश्यहरुमा:

- बालबालिकामा बौद्धिक विकास गर्दै उनीहरुलाई आफ्नो जिम्मेवारीमा उत्तरदायी बनाउने,
- बालसहभागितालाई प्रवर्द्धन गर्ने,
- चेतनामूलक, रचनात्मक लगायत अन्य कार्यक्रम सञ्चालन गर्न सक्षम बनाउने,

### बालक्लबले गर्ने प्रमुख कार्यहरु

- हरेक महिनाको पहिलो हप्तामा बाल भित्ते पत्रिका प्रकाशित गर्ने,
- हाजिरी जवाफ प्रतियोगिता, कविता प्रतियोगिता, हिज्जे कविता प्रतियोगिता आदिको आयोजना गर्ने,
- फूटबल, ब्याटमिन्टन, क्रिकेट जस्ता खेलकुदको आयोजना गर्ने,
- केन्द्रमा आयोजना गर्ने बिभिन्न कार्यक्रम गर्ने जस्तैः बालदिवस मनाउने, चाडपर्व मनाउने, साँस्कृतिक कार्यक्रम गर्ने, आदि ।

- बाल क्लबको अर्धबार्षिक योजना बनाउने र लेखाजोखा गर्ने,
- चेतनामूलक र श्रृजनात्मक क्रियाकलापहरुको आयोजना गर्ने,
- बाल बचत कार्यक्रम सञ्चालन गर्ने ।

## ५. बाह्य भ्रमण

बालबालिकालाई सधैंभरी केन्द्रमा बस्दा पट्यार लाग्दो हुने हुँदा उनीहरलाई कम्तिमा महिनाको २ पटक बाह्य भ्रमणका लागि लैजाने गर्नु पर्दछ । यसमा  ऐतिहासिक र सांस्कृतिक महत्वका ठाउँहरु जस्तैः मन्दिरहर, गुम्बाहरु, पुराना दरबारहरु, स्मारकहरु, संग्रहालयहरु, वनभोज कार्य आदि हुन सक्दछन जहाँ उनीहरु एक अर्कासँग अन्तक्रिया गर्न र ईच्छा अनुसारको विषयमा सामुहिक छलफल सञ्चालन गर्न सक्छन् । सम्भव भएसम्म सामाजिक कार्यकर्ताले भ्रमणको उद्देश्यलाई ब्यापक बनाउने कोशिस गर्नुपर्छ । फरक ठाउँहरुमा भ्रमण गर्ने कोशिस गर्नुपर्दछ । यसलाई बालबालिकासँगको सामूहिक छलफलबाट तय गरिनुपर्दछ । यसरी बालबालिकालाई भ्रमणको व्यवस्था गर्दा नयाँ नयाँ स्थानको छनौट गर्नुपर्दछ ।

नोटः यहाँ लेखिएका कुराहरु न्युनतम भएकाले जतिसक्दो धेरै क्रियाकलाप र सेवा प्रदान गर्नुपर्ने हुन्छ ।

## ६. चाडपर्वहरु मनाउने कार्यक्रम

केन्द्रमा बसेका सबै बालबालिकालाई हाम्रो समाजमा मनाईने चाडपर्वहरुको जानकारी दिने उद्देश्यले चाडपर्व मनाउने कार्यक्रम आयोजना गनुपर्दछ । जसको माध्यमले बालबालिकाले आ-आफ्नो धर्म र संस्कृतिको बारेमा जान्ने अवसर पाउनुको साथै कुन चाडपर्व कसरी मनाईन्छ भन्ने बारेमा पनि बुझ्ने अवसर पाउनेछन् । साथै पारिवारिक वातावरण पनि महसुस गर्नेछन् । केहि चाडपर्वहरु : दशैं, तिहार, छठ, ईद, क्रिसमस, बुद्ध जयन्ती, माघे संक्रान्ती, चैते दशै, गुरु पूर्णिमा, आदि ।

## ७. समूह छलफल

बालबालिकालाई बिभिन्न बिषयमा जानकारी दिनका लागि उमेरको आधारमा समुह बनाई समुह छलफल सञ्चालन गरिन्छ । समान उमेर, बिचार तथा बुझाई भएका बालबालिकालाई बिभिन्न नयाँ बिषयमा जानकारी दिनका लागि यो छलफल गर्नु पर्दछ । यसका माध्यमहरु बिभिन्न प्रकारका हुन सक्छन् । जस्तैः खेल, खेलौना, तस्विरको माध्यम आदि । समुह छलफलका विषयहरु : भविष्यको योजना, मेरो योजना, सडक जीवन, मेरो जीवन, मेरो लक्ष्य, मेरो परिवार, शिक्षा, आदि ।

## ८. जीवन उपयोगी सीपहरुको तालिम

सामाजिकीकरण केन्द्रमा भएका सबै बालबालिकालाई जीवन उपयोगी सीपसम्बन्धी बिषयमा तालिम प्रदान गर्नु पर्दछ । केन्द्रका हरेक क्रियाकलाप र उनीहरुको बृद्धि विकासका लागि सक्रिय सहभागी भएर सकारात्मक रुपमा कार्य गर्नु नै जीवन उपयोगी सिप हो तर यसलाई अझ बढी प्रभावकारी र सान्दर्भिक बनाउनका लागि यससम्बन्धी तालिमको आवश्यकता पर्दछ । यसका लागि  प्रयोगमा आइरहेका जीवन उपयोगी सीप सम्बन्धि तालिम निर्देशिका अनुरुपका गतिविधि गर्नुपर्दछ ।

## ९. परिवार भ्रमण

बालबालिका केन्द्रमा स्थानान्तरण हुनु भन्दा अगाडि नै उनीहरुको परिवारमा भेटघाट भएर सम्झौता भई सकेको हुन्छ र यसपछि पनि उनीहरुलाई परिवार भ्रमणमा लैजानु पर्दछ । यसका लागि सामाजिकीकरण केन्द्रको व्यक्तिगत सामाजिक कार्यकर्ताले पुनर्मिलनका कार्य गर्ने संस्था वा कार्यक्रमको सामाजिक कार्यकर्तासँग समन्वय गरी बालबालिकालाई परिवार भ्रमणका लागि तयारी गर्नुपर्दछ । बालबालिकाको परिवारको बासस्थान, परिवारको समस्या तथा आवश्यकताको आधारमा परिवार भ्रमणको अवधि निर्धारण गनुपर्दछ । सडक तथा जोखिम अवस्थामा भएका बालबालिकासँग कार्य गरेको अनुभवका आधारमा ग्रामिण क्षेत्रका परिवार भन्दा शहरी क्षेत्रमा स्थायी वा अस्थायी रुपमा बस्ने परिवारहरुका समस्या धेरै जटिल हुन्छन् । परिवार भ्रमणका लागि बालबालिकालाई गर्नुपर्ने तयारीहरु निम्न छनः

- परिवारमा जानुको उद्देश्य निर्धारण गर्ने;
- परिवारमा गएर के गर्ने भन्ने योजना बनाउने;

- बालबालिका, सामाजिकीकरण केन्द्रको व्यक्तिगत सामाजिक कार्यकर्ता तथा पुनर्मिलन कार्यक्रमका सामाजिक कार्यकर्ताबीच परिवार भ्रमण तयारीका लागि बैठक बस्ने;
- परिवारलाई बालबालिका आउदैं गरेको जानकारी दिने;
- परिवार भ्रमणबाट बालबालिका फर्किएपछि त्यहाँ भएका क्रियाकलापको बारेमा छलफल गर्ने;

परिवार भ्रमणको अवधि :

- बालबालिकाको परिवार नजिक भएको अवस्थामा कम्तिमा महिनाको एकपटक परिवार भ्रमण गर्ने;
- एकदिन वा सो भन्दा बढी समय परिवारमा जान लाग्ने अवस्थामा कम्तिमा ३ महिनामा एकपटक अनिवार्य भ्रमण गनुपर्ने तर समय, भौगोलिक र आवश्यकता हेरी सो भन्दा बढी पटक पनि परिवार भ्रमण गर्न सकिन्छ साथै परिवारका सदस्यहरुलाई पनि बालबालिका बसेको स्थान भ्रमण गर्न अनुरोध गर्ने;
- चाडपर्व तथा परिवारले बोलाएको अवस्थामा आवश्यकता अनुसार बालबालिकालाई परिवारमा पठाउने ।

## १०. पूनर्मिलनको तयारी

कुनै विशेष अवस्था बाहेक बालबालिका सामाजिकीकरण केन्द्रमा बस्ने अवधि कम्तिमा ६ महिनादेखि बढीमा १८ महिना मात्र हुने भएकोले यो अवधिमा उनीहरुको पुनर्मिलनको तयारीका लागि कार्य गर्नु पर्दछ । यसका लागि देहाय बमोजिमका कुराहरु सुनिश्चित गर्नुपर्दछ:

- परिवार र बालबालिकाको सम्बन्ध र एकअर्काबीचको सोचाई, बिचार तथा भावना,
- सामाजिकीकरण केन्द्रमा बस्दा शारीरिक, मानसिक, बौद्धिक आदि अवस्थाप्रति बालबालिकामा आएको परिवर्तन, विकास र यसको निरन्तरता;
- बालबालिकाको भविष्यको योजना;
- परिवारमा पहिचान भएका समस्याहरुमा भएको विकास तथा सुधार र यसको स्थिरता;
- बालबालिका र परिवार एकअर्काबीचको विश्वास एवं प्रतिवद्धता;
- बालबालिका र परिवारप्रति छिमेकी तथा समुदायको धारणा र पारस्परिक सहयोगको अवस्था;

सामाजिकीकरण केन्द्रमा बस्दा बालबालिकामा आएको परिवर्तन, परिवारमा भएको विकास तथा सुधार, बालबालिका तथा परिवारको योजना लगायतका बिषयहरुमा लेखाजोखा गरी उनीहरुलाई आफ्नो परिवार, नातेदार, फोष्टर परिवार तथा समुदायमा पूनर्मिलनको तयारी गर्नुपर्दछ ।

***नोटः कुनै बालबालिकाको परिवार, आफन्तजन, नातेदार कोही फेला नपरेमा निजको कानूनी पहिचान(नागरिकता, जन्मदर्ता)को लागि प्रचलित कानून बमोजिमको प्रक्रिया अगाडी बढाउनु पर्दछ ।***

# ६. बालबालिकाको स्थानान्तरण तयारी

सामाजिकीकरण केन्द्रमा आएपछि बालबालिकाको निश्चित योजना तय हुन्छ र सो योजना पुरा गर्नका लागि गरिने क्रियाकलापहरु सम्पन्न भएपछि उनीहरुलाई स्थानान्तरण गर्नु पर्ने हुन्छ । बालबालिकाको पारिवारिक पृष्ठभूमि र सामाजिक आर्थिक अवस्था, उनीहरुको उमेर र क्षमता, परिवारको योजना र सहयोग, परिवार नभएको खण्डमा गर्नुपर्ने सहयोग आदिका आधारमा बालबालिकाको स्थानान्तरणको तयारी गर्नुपर्दछ ।

सामाजिकीकरण केन्द्रमा रहेका बालबालिकालाई निम्न बमोजिम स्थानान्तरणको तयारी गर्नु पर्दछ ।

## १. पारिवारिक पूनर्मिलनको तयारी

बालबालिकाको परिवार भएको अवस्थामा उनीहरुलाई परिवार छोड्नु पर्नाका कारणहरुको पहिचान र समाधान गरी परिवारमा नै पूनर्मिलन गराउनु पर्दछ । पूनर्मिलन कार्यक्रमका सामाजिक कार्यकर्ताहरुले बालबालिकाको संरक्षण र स्याहारका लागि उनीहरुबीचको सम्बन्ध विकास गर्नुपर्दछ । पारिवारिक, मनोसामाजिक, आर्थिक अवस्थामा सुधार तथा विकास गर्नका लागि परिवारहरुलाई सहयोग गरी आफ्ना बालबालिकाको स्याहार तथा संरक्षण गर्न प्रोत्साहन गर्नुपर्दछ । यसरी सहयोग गरेको अवस्थामा परिवारहरुले आफ्ना बालबालिका आफैँसँग राखी संरक्षण गर्न सक्दछन् ।
पारिवारिक पूनर्मिलनका लागि तयारी गनुपर्ने कुराहरु निम्न छनः

- बालबालिकाका र परिवारको राम्रो सम्बन्ध भएको हुनुपर्ने;
- बालबालिकाका र परिवार दुवैको योजना पक्का हुनुपर्ने जस्तोः अध्ययन गर्ने, तालिम लिने, काम गर्ने;
- परिवारको सामाजिक, आर्थिक अवस्थामा सुधार भएको हुनुपर्ने; र
- बालबालिकाका पूर्ण रुपमा परिवारमा बस्न राजी खुशी हुनुपर्ने ।

## २. नातेदार पूनर्मिलनको तयारी

बालबालिकाको आफ्नो परिवार नभएको, सर्म्पक विहिन भएको, सर्वोत्तम हितको जिम्मेवारी लिन नसक्ने अवस्था रहेको अवस्थाहरुमा नजिकको नातेदारहरुसँग बालबालिकालाई राख्नुपर्दछ । यस्ता नातेदारहरुमा हजुरबुवा, हजुरआमा, ठुलोबुवा, ठुलोआमा, काका, काकी, दिदी, भिनाजु, मामा, माइजु लगायत पर्दछन् जहाँ बालबालिकाले पारिवारिक हेरचाह, माया, ममता, स्नेह, स्याहार र संरक्षण पाउँदछन् ।

नातेदार पूनर्मिलनका लागि तयारी गनुपर्ने कुराहरु निम्न छनः

- बालबालिकाका र नातेदार परिवारबीच राम्रो सम्बन्ध भएको हुनुपर्ने;
- दुवैको योजना पक्का हुनु पर्ने जस्तो : अध्ययन गर्ने, तालिम लिने, काम गर्ने र ति कार्यमा सहयोग गर्ने;
- परिवारको सामाजिक, आर्थिक राम्रो र बालबालिकाको हेरचाह गर्न सक्ने हुनुपर्ने; र
- बालबालिकाका पूर्ण रुपमा सो परिवारमा बस्न राजी खुशी हुनुपर्ने ।

नोटः नातेदारले बालबालिकालाई काममा लगाउनका लागि मात्र पो परिवारमा राख्न चाहेका हुन् की भन्ने जस्ता जोखिमको आँकलन गरेर मात्र निर्णय गर्ने ।

## ३. वैकल्पिक स्याहार परिवारमा पुनर्स्थापनाको तयारी

बालबालिकाको आफ्नो अभिभावक र नातेदारहरु नभएको, भएर पनि बालबालिकाको सर्वोत्तम हितको जिम्मेवारी लिन नसक्ने अवस्था रहेको खण्डमा बालबालिकालाई अन्य कुनै वैकल्पिक परिवारको व्यवस्था गरी उचित पारिवारिक वातावरणमा हेरचाहका लागि राख्नु पर्दछ । यसरी बालबालिका संरक्षण गर्नका लागि समुदायमा परिवारको छनौट गरिन्छ र निश्चित अवधिको लागि बालालिकालाई सो परिवारमा राख्ने गरिन्छ ।
वैकल्पिक स्याहार परिवारमा बालबालिका राख्नका लागि निम्न तयारी गर्नुपर्छः

- वैकल्पिक स्याहार प्रदान गर्न परिवारको पहिचान तथा लेखाजोखा गर्ने;
- बालबालिका र वैकल्पिक स्याहार प्रदान गर्ने परिवारबीच सम्बन्धको विकास गनुपर्ने;
- बालबालिकाको योजना (अध्ययन गर्ने, तालिम लिने वा काम गर्ने) बमोजिम वैकल्पिक स्याहार प्रदान गर्ने परिवारले काम गर्नुपर्ने;

- परिवारको सामाजिक, आर्थिक अवस्था बालबालिकाको हेरचाह गर्न सक्ने हुनुपर्ने; र
- बालबालिका पूर्ण रुपमा सो परिवारमा बस्न राजी खुशी हुनुपर्ने ।

### ४. सामुदायिक पूनर्मिलनको तयारी

बालबालिकाको आफ्नै परिवार र नजिकको नातेदार नभएको, भएपनि सम्पर्क विहिन, वास्ता नगर्ने र बालबालिकाले आफ्नो जिम्मेवारी आफै बहन गर्न सक्ने परिपक्व अवस्थामा त्यस्ता बालबालिकाको लागि संस्थाको प्रत्यक्ष निगरानीमा संरक्षण गनुपर्दछ । सामान्यता १५/१६ बर्ष पुगेका आफ्नो जिम्मेवारी आफैं लिई समुदायमा बस्न सक्ने बालबालिकालाई कोठा तथा अन्य आवश्यक कुराको व्यवस्था समेत गनुपर्दछ ।

सामुदायिक पूनर्मिलनको तयारी गर्ने क्रममा निम्न कार्यहरु गर्नुपर्दछ ।

- बालबालिका बस्न चाहेको वा चाहने क्षेत्रतिर कोठा खोज्ने; र
- कोठामा चाहिने सामग्रीहरुको व्यवस्था गर्ने ।

यी बाहेक बालबालिकालाई व्यवसायिक तालिमका लागि बढीमा १ बर्षसम्म आवाशीय तालिम केन्द्रहरुमा आवश्यक प्रक्रियाहरु पुरा गरी पठाउनु पर्दछ ।

## ७. अभिलेखिकरण/दस्तावेजीकरण

### १. बालबालिकाको क्रियाकलापको रेकर्ड राख्ने

सामाजिकीकरण केन्द्रमा बसेका बालबालिकाको क्रियाकलापहरुको रेकर्ड नियमित रुपमा राख्नु पर्दछ । सामाजिक कार्यकर्ताले प्रत्येक बालबालिकाको फोटो सहितको व्यक्तिगत फाईल खडा गरी मुख्य मुख्य कुराको रेकर्ड राख्नुपर्दछ ।

### २. बालबालिकाको घटना अध्ययन अद्यावधिक गर्ने

बालबालिका सम्पर्क गृहबाट सामाजिकीकरण केन्द्रमा प्रेषण गर्दाको समयमा घटना अध्ययन पनि बनाएर पठाएको हुन्छ र व्यक्तिगत सामाजिक कार्यकर्ताले बालबालिकासम्बन्धी जानकारीहरु सो घटना अध्ययनमा थप्दै अद्याबधिक गर्दै जानु पर्दछ । यो घटना अध्ययन अनुसुचीमा भएको ढाँचामा हुनु पर्दछ ।

### ३. बालबालिकाको व्यक्तिगत फाईल बनाई अभिलेख राख्ने

सामाजिकीकरण केन्द्रमा आएका सम्पूर्ण बालबालिकाको विवरण अद्यावधिक गरी राख्नु पर्दछ । यस्तो प्रकारको फाईलमा राख्नु पर्ने कुराहरु

- घटना अध्ययन,
- अस्पतालका कागजपत्रहरु,
- बालबालिकाले बनाएका चित्रहरु,
- परिवार तथा बालबालिकासँग भएको सम्झौता पत्र,
- बालबालिकाको जन्मदर्ता र उनीहरुको बुवाआमाको नागरिकताको फोटोकपी
- बालबालिकासँग सम्बन्धित कागजपत्रहरु

### ४. व्यक्तिगत छलफलको रेकर्ड

सम्बन्धित सामाजिक कार्यकर्ताले आफ्नो जिम्मेवारीमा भएका बालबालिकासँग नियमित रुपमा व्यक्तिगत छलफल गरी अनुसुचीमा भए अनुसारको ढाँचामा प्रतिवेदन तयार पार्नु पर्दछ । यस्तो प्रकारको छलफलमा आगामी दिनमा गर्ने छलफलको विषय पनि उल्लेख गर्नु पर्दछ ।

### ४. बालबालिकाको कार्ययोजना

आफ्नो जिम्मेवारीमा भएका बालबालिकासँग भविष्यको बारेमा छलफल गरी सामाजिक कार्यकर्ताले कार्ययोजना बनाउनु पर्दछ । यस्तो प्रकारको कार्ययोजना मासिक, द्वैमासिक तथा अर्धबार्षिक अवधिको हुनुपर्दछ । कार्ययोजनाको नमुना अनुसुचीमा राखिएको छ ।

### ५. प्रगति प्रतिवेदन बनाउने

केन्द्रको प्रगति प्रतिवेदन दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक, अर्धबार्षिक र बार्षिक रुपमा बनाउनु पर्दछ । यसका लागि फरकफरक ढाँचाको व्यवस्था गर्नु पर्दछ ।

## अनुसुचीहरु

## अनुसुची-१ : घटना अध्ययनको ढाँचा नमूना

### १. परिवार र बालबालिकाको विवरण

**बालबालिकाको विवरण**

| | |
|---|---|
| बालक/बालिकाको नाम : | |
| जन्म मिति र उमेर : | |
| लिङ्ग: | |
| स्थायी ठेगाना : | |
| अस्थायी ठेगाना : | |
| सडकमा भेटेको मिति | |
| सम्पर्क गृहमा आएको मिति | |
| सामाजिकीकरण केन्द्रमा प्रेषण मिति | |

**परिवारको सदस्यको विवरण**

| क्र.स. | नाम | लिङ्ग | उमेर | सम्बन्ध | ठेगाना | पेशा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**२. बालबालिका र परिवारवीचको सम्बन्ध**

- परिवारको पृष्ठभूमि
- परिवारको भौतिक, आर्थिक, सामाजिक, मनोबैज्ञानिक अवस्था
- बालबालिका र परिवारको सम्बन्ध
- बालबालिकासँगको सम्बन्धमा परिवारको धारणा
- परिवारसँगको सम्बन्धमा बालबालिकाको धारणा
- परिवार र बालबालिकाबीच समस्या

**३. सम्पर्क गृहमा आउनु भन्दा पहिले बालबालिकाको अवस्था**

- पृष्ठभूमि
- सडकमा आउनुको कारण
- सडक जीवन र सडकमा गरेका कृयाकलापहरु
- अन्य संघ संस्थासँगको सम्बन्ध
- सडकमा रहँदा बालबालिकाले नजिक र राम्रो भएका व्यक्ति तथा साथीहरु

**४.बालबालिका र संस्थाबीचको सम्बन्ध**

- सडकमा सम्पर्क
- सम्पर्क गृह :
  - गृहको कृयाकलापमा बालबालिकाको सहभागिता
  - बालबालिकाको समस्या/आवश्यकता/चाहना/रुचिहरु
  - बालबालिकाको भावना
  - गृहमा बालबालिकाको साथीहरु र सहजकर्तावीचको सम्बन्ध
  - बालबालिका गृहमा बस्दा भएका असल सम्बन्धको पहिचान
  - भविष्यको योजना
- परिवारको समस्या पहिचान

**५. निश्कर्ष**

- बालकको अवस्थाको विश्लेषण : बालकको क्षमता, व्यवहार, विकास र ज्ञानको अवलोकन, बिश्लेषण
- सामाजिक कार्यकर्ताको धारणा

## अनुसुची -२ : घटना व्यवस्थापन (Case Management)बैठक

| बैठकको नाम | उद्देश्यहरु | कहिले | सम्बन्धित कार्यक्रम | सहभागिहरु |
|---|---|---|---|---|
| घटनासम्बन्धी जानकारी आदान प्रदान (Case Sharing) | केन्द्रमा भएका बालबालिकाको अवस्थाबारे छलफल गर्ने | कम्तिमा हप्ताको एक पटक | सामाजिकीकरण केन्द्र | सामाजिकीकरण केन्द्रका सबै सामाजिक कार्यकर्ताहरु |
| घटना सम्मेलन (Case Cenference) | समस्या भएका घटनाहरुको बारेमा छलफल गरी समाधानका उपायहरु निकाल्ने | महिनामा २ पटक वा आवश्कता अनुसार | सामाजिकीकरण केन्द्र र पुनर्मिलन कार्यक्रम | सामाजिक कार्यकर्ताहरु, मनोविमर्शकर्ता, कार्यक्रम अधिकृत |
| घटना लेखाजोखा (Case Assessment) | केन्द्रमा भएका बालबालिका र उनीहरुको परिवारमा भएको प्रगतिबारे लेखाजोखा गर्ने | बालबालिका केन्द्रमा आएको ६ महिनामा वा प्रेषण गर्नुअधि वा आवश्यक्ता अनुसार | सामाजिकीकरण केन्द्र र पुनर्मिलन कार्यक्रम | सामाजिक कार्यकर्ताहरु, मनोविमर्शकर्ता, कार्यक्रम अधिकृत |
| घटना प्रेषण (Case Referral) | बालबालिका पुनर्मिलनका लागि स्थानान्तरण गर्न | बालबालिका तयार भएपछि | सामाजिकीकरण केन्द्र र पुनर्मिलन कार्यक्रम | सामाजिकीकरण केन्द्रका सामाजिक कार्यकर्ताहरु, मनोसामाजिक परामर्शकर्ता, परिवारसँग काम गर्ने सामाजिक कार्यकर्ता |
| घटना स्थानान्तरण (Case Transfer) | परिवार तथा समुदायमा स्थानान्तरण गर्नका लागि | सामाजिकीकरण केन्द्रमा स्थानान्तरण गर्ने समयमा | सामाजिकीकरण केन्द्र र पुनर्मिलन कार्यक्रम | सामाजिकीकरण केन्द्रको सम्बन्धित सामाजिक कार्यकर्ता, मनोसामाजिक परामर्शकर्ता, परिवारसँग काम गर्ने सामाजिक कार्यकर्ता |

## अनुसुची -३ : खानाको नमुना तालिका

| बार/दिन | बिहानको खाजा | बिहानको खाना | दिउसोको खाजा | बेलुकाको खाना |
|---|---|---|---|---|
| आईतबार | | | | |
| सोमबार | | | | |
| मंगलबार | | | | |
| बुधबार | | | | |
| विहिबार | | | | |
| शुक्रबार | | | | |
| शनिबार | | | | |

## अनुसुचि ४: व्यक्तिगत छलफल प्रतिवेदन

सामाजिक कार्यकर्ताको नाम :................................ मिति: .................

बालक /बालिकाको नाम : .................................... उमेर: .........

व्यक्तिगत छलफल नं.: .......

छलफलका उद्धेश्यहरु:

..........................................................................................................................................................

..........................................................................................................................................................

छलफलका विषयहरु:

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

छलफलको क्रममा बालकको अवलोकन (बालकको प्रतिक्रिया/भावना, क्षमता, समस्याहरु...)

..........................................................................................................................................................

..........................................................................................................................................................

छलफलको निष्कर्ष (छलफलको क्रममा आएका महत्वपूर्ण विषयहरु समावेश गर्ने)

..........................................................................................................................................................

..........................................................................................................................................................

अर्को पटकको छलफलको विषयः

..........................................................................................................................................................

अर्को पटकको व्यक्तिगत छलफल मितिः ................................

...........................................

*सामाजिक कार्यकर्ताको दस्तखत*

## अनुसुचि ५: कार्ययोजना फाराम

बालक/बालिकाको नाम:

मिति:

बालक/बालिकाको राम्रो पक्ष:

बालक/बालिकाको सुधार गर्नुपर्ने पक्षहरु:

| उद्देश्यहरु | क्रियाकलापहरु | आवश्यक सामग्री | जिम्मेवारी | कार्य अवधि | उद्धेश्य पुरा भए नभएको सूचक |
|---|---|---|---|---|---|
| | | | | | |

............... ............... ................

बालक तयार गर्ने जाँच गर्ने

## अनुसुची - ६ : परिवारसँगको सम्झौता पत्रको नमुना

लिखितम् आज मिति ………. साल ……… महिना …….. गते …………….. बारका दिन जिल्ला…………… गा.वि.स./न.पा./म.न.पा …………………….. वडा नं ………. टोल ……………….. बस्ने श्री ……………………… को छोरा/छोरी/………… बर्ष ………को श्री …………………………… लाई यस संस्थाको उद्देश्य अनुरुप अभिभावक, बालबालिका तथा संस्थाको बिचमा छलफल भई निम्नानुसारको सहमतीमा हेरचाह गर्ने गराउने भनि राजीखुशी साथ सहीछाप गरि एक/एक प्रति लियौं/दियौं।

सहमति भएका बुँदाहरुः

| परिवार | बालक | संस्था |
|---|---|---|
| | | |

(उपर्युक्त सहमती/सम्झौता पत्र……………महिना/बर्षको हुनेछ तर बालक तथा परिवारको अवस्था हेरी संस्थाको नियम तथा मूल्यांकन अनुसार यो सहमती/सम्झौता थप वा घट गर्न सकिनेछ ।)

माथिको सहमती अनुसार यदि कुनै पक्षले आफ्नो दायित्व पुरा नगरेमा त्यसको जवाफदेहि ऊ आफैं हुनेछ । यदि बालक आफ्नो केन्द्र छोडेर हिडेको अवस्थामा कुनै दुर्घटना वा भवितव्य परेमा त्यसको जवाफदेहि संस्था हुने छैन । माथि लेखिएको व्यहोरा हामी तीनै पक्षको सहमतिमा भएको हो आजकै मितिदेखि उक्त सहमति अनुसार कार्य गर्न हामी सहमत छौं । इति सम्बत २०७… साल …………… महिना…………गते……………..बार शुभम् ।

| **अभिभावकको तर्फबाट** | **बालक/बालिका** | **संस्थाको तर्फबाट** |
|---|---|---|
| नामः | नामः | नामः |
| नाताः | उमेरः | पदः |
| सहीः | सहीः | सहीः |

# अनुसूचिः७ मनोसामाजिक परामर्शका लागि प्रेषण फाराम

**बालबालिकाको नामः**

**मितिः**

**प्रेषण गर्ने व्यक्ति वा सामाजिक कार्यकर्ताको नामः**

**बालक वा बालिकाको सबल पक्षः**

**परिवारको पृष्ठभूमी(तिनपुस्ते विवरण):**

**सिफारिसका कारणहरुः**

| क्र.सं. | सिफारिका कारणहरु | टिप्पणी |
|---|---|---|
| | **Moods/Behaviors** | |
| 1 | Anxious/Worried(धेरै आत्तिरहने) | |
| 2 | Depressed/Unhappy(पिरोलिएको दुःखित) | |
| 3 | Eating Disorder(धेरै खाने वा कम खाने) | |
| 4 | Body Image concerns(आफ्नो शारिरिक बनावट प्रति केन्द्रित) | |
| 5 | Hyperactive(अनावश्यक फूर्तिलो) | |
| 6 | Inattentive(कुनै कुराकोपनि वास्ता नगर्ने) | |
| 7 | Shy/Withdrawn(धेरै लजाउने) | |
| 8 | Loss of interest(कुनै कुरामापनि रुचि नभएको) | |
| 9 | Low self-esteem(हिनताबोध) | |
| 10 | Aggressive behaviors(साना सानो कुरामा निंहु खोजेर झगडा गर्ने) | |

| | | |
|---|---|---|
| 11 | Stealing (सामानहरु चोर्ने, लुकाउने) | |
| 12 | Self blame(आफूलाई बोझ सम्झिने) | |
| 13 | Attention seeking behavior(सबैले आफूलाईमात्र ध्यान दिउन भन्ने वा सोच्ने) | |
| 14 | Dishonest(झुट्टो बोल्ने) | |
| 15 | Over demanding(धरै कुराहरुको माग राख्ने) | |
| 16 | Personal hygiene(व्यक्तिगत सरसफाइ) | |
| 17 | Fear(धेरै डराउने) | |
| 18 | Other: | |
| | **Peer Relationships** | |
| 1 | Bullying(साथीहरुलाई जिस्काउने हेप्ने) | |
| 2 | Difficulty making friends(साथी बनाउन नसक्ने वा गाह्रो मान्ने) | |
| 3 | Poor social skills(एक्लै बस्न खोज्ने) | |
| 4 | Problems with friends(साथीहरुसंग मिल्न नसक्ने) | |
| 5 | Girl friend issues(केटी साथीहरुमा बढि ध्यान दिने) | |
| 6 | Other: | |
| | **Academic Concerns** | |
| 1 | Homework not turned in/Not complete(होमवर्क गर्दैनगर्ने वा पूरा नगर्ने) | |
| 2 | Poor classroom performance(कक्षामा ध्यान नदिने वा दिन नसक्ने) | |
| 3 | Lack of concentration(ध्यान केन्द्रित गर्न नसक्ने) | |
| 4 | Not interested in studies(पढाईमा रुचि नभएको) | |
| 5 | Sleeping in class/always tired(कक्षामा निदाउने वा थकित देखिने) | |
| 6 | Working but cannot achieve good result(जति मिहिनेत गरेपनि पढाईको स्तर नसुध्रिने) | |
| 7 | Other: | |
| | **Family Concerns** | |
| 1 | Fighting with family members(परिवारको सदस्यहरुसंग झगडा गर्ने) | |
| 2 | Illness/death in the family(परिवारमा मानसिक रोग वा कसैको मृत्यु) | |
| 3 | Disharmony in family(पारिवारिक झै झगडा) | |
| 4 | Parents divorced/separated(बाबु आमा छुट्टिएको ) | |
| 5 | Violence of step parents( सौतेलो बाबु सौतेलो आमाको हिंसा) | |
| 6 | Suspected abuse(यौन दुर्व्यवहार भएको हुन सक्ने) | |
| 7 | Suspected substance abuse(लागूपदार्थको शिकार) | |
| 8 | Intimacy towards siblings(भाइ बहिनी प्रति लगाव) | |
| 9 | Intimacy towards parents(बाबु आमा प्रति लगाव) | |
| 10 | Other: | |

## अनुसुचिः ८ सामाजिकीकरण केन्द्रबाट अन्य संस्था वा निकायमा प्रेषण पत्र नमूना

*सामाजिकीकरण केन्द्रको लेटर प्याड*

मितिः

श्री.......................................

..........................................

......................................... ।

**विषयः पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना पुनर्एकीकरणका लागि बालक/बालिका प्रेषण गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सामाजिकीकरण केन्द्रमा मिति...........................देखि..........................सम्म संरक्षणमा रहेका तपसिलको विवरण भएका बालक/बालिकालाई उनीहरुको पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनःर्स्थापना र पुनर्एकीकरण गर्ने, परिवारको समस्या पहिचान गरी समस्या समाधान गर्न सक्षम बनाउने, सडक बालबालिकाको निमित्त उनीहरुको परिवारमा रहने उचित वातावरण बनाउन सहयोग गर्ने, आवश्यकता अनुसार शिक्षा, स्वास्थ्य तथा अन्य अति आवश्यक सेवा उपलब्ध गराउने, सडक बालबालिका र परिवारका सदस्यहरु बीच आईपर्ने समस्या आपसी समन्वयमा समाधान गर्न सहयोग गर्ने जिम्मेवारी सहित त्यस संस्था/निकायमा प्रेषण गरिएको छ । बालक/बालिकासँग सम्बन्धित विस्तृत विवरण तथा सूचना सहितको फाईल यसैसाथ संलग्न राखि पठाईएको ब्यहोरा अनुरोध छ ।

...................
केन्द्र प्रमूख वा परियोजना अधिकृत

बोधार्थः
श्री केन्द्रीय बालकल्याण समिति, हरिहर भवन, पुल्चोक ललितपुर ।